# सडक छेउमा फ्यूल फिलिङ स्टेशन स्थापनाका लागि मापदण्ड-२०७६

प्रस्तावना : नेपालमा रहेका सडकहरुमा बर्सेनी सवारी साधनको चाप बढ्दै गइरहेको अवस्थामा त्यस्ता सवारी साधनहरूले इन्धनको रुपमा प्रयोग गर्ने पेट्रोल तथा डिजलको खपत समेत बढ्दै गएको, त्यस्तो इन्धन बिक्री वितरण गर्ने फ्यूल स्टेशन स्थापना गर्ने अनुमतिका लागि माग बढिरहेको सन्दर्भमा फ्यूल स्टेशनले दिने सेवाको गुणस्तरमा सुधार गर्ने र भविष्यमा त्यस्ता फ्यूल स्टेशनलाई सर्भिस सेन्टरका रुपमा स्थापित गर्दै चमेना गृह, मर्मत केन्द्र, स्नान गृह तथा पुनर्ताजगी केन्द्रको व्यवस्था गराउँदै लैजाने उद्देश्य राखी प्रदेश सरकारले "सडक छेउमा फ्यूल फिलिङ स्टेशन स्थापनाका लागि मापदण्ड-२०७६"जारी गरेको छ ।

परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो मापदण्डको नाम "सडक छेउमा फ्यूल फिलिङ स्टेशन स्थापनाका लागि मापदण्ड-२०७६" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :-

(क) "गैर सरकारी निकाय" भन्नाले सरकारी बाहेकको एवम् नेपालको प्रचलित कानून बमोजिम गठन भएको कुनै संस्था सम्झनुपर्छ ।

(ख) "प्रवेश मार्ग" भन्नाले फ्यूल स्टेशनभित्र प्रवेश गर्न बनाइएको मार्ग सम्झनुपर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. ५ सम्झनुपर्छ ।

(घ) "फ्यूल स्टेशन" भन्नाले पेट्रोल, डिजल तथा एल.पि.जि. फिलिङ स्टेशन सम्झनुपर्छ ।

(ङ) "समानान्तर सेवा मार्ग" भन्नाले स्थापना हुने फ्यूल स्टेशनको लम्बाईसँग समानान्तर हुनेगरी निर्माण गरिएको मार्ग सम्झनुपर्छ ।

(च) "निर्देशनालय" भन्नाले प्रदेश नं. ५ को भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगत रहेको यातायात पूर्वाधार निर्देशनालय सम्झनुपर्छ ।

सचिव

३. उद्देश्यहरु : प्रदेश नं. ५ मातहतका सडकहरु छेउमा फ्यूल स्टेशन स्थापना गर्न आवश्यक मापदण्डहरु तयार गरी त्यसरी स्थापना हुने फ्यूल स्टेशनहरुलाई व्यवस्थित गरी निम्न उद्देश्यहरु हासिल गर्न यो मापदण्ड तयार गरिएको छ ।

(क) उपभोक्तालाई इन्धनको सहज उपलब्धता गराउनु ।

(ख) फ्यूल स्टेशनमा जाने आउने सवारी साधनले गर्दा मूल सडकमा हुनसक्ने ट्राफिक अवरोधलाई न्यूनीकरण गर्नु ।

(ग) फ्यूल स्टेशनमा हुनसक्ने आगलागीबाट सिर्जना हुनजाने जोखिमलाई न्यूनीकरण गर्नु ।

(घ) नयाँ बन्ने फ्यूल स्टेशनको कारणले शहरी विकासमा पर्नसक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्नु ।

परिच्छेद – २

## मापदण्डका शर्तहरु

४. एक आपसको दूरी : दुई फ्यूल स्टेशन बीचको दूरी देहाय बमोजिम रहनेछ ।

(१) तराइ क्षेत्रका लागि (२५% वा सो भन्दा घटी क्रस स्लोप भएको क्षेत्र) देहायका शर्तहरु रहनेछन :

(क) मेडियन (Median) प्रयोग गरी सडकको क्यारियज वे (Carriageway) स्थायी रुपमा विभाजन गरिएको सडकमा दुई फ्यूल स्टेशन बीचको दूरी कम्तीमा १००० मिटर हुनुपर्नेछ र उक्त दूरी सडकको एकातर्फ रहेका फ्यूल स्टेशन बीचको दूरीलाई मात्र लिइनेछ । यस्ता सडकमा सडकको एकातर्फ रहेको फ्यूल स्टेशन र अर्कोतर्फ रहेको फ्यूल स्टेशन बीचको दूरीले कुनै फरक पार्ने छैन ।

(ख) मेडियन नभएको एवम् सडकको क्यारियज वे लाई स्थायी रुपमा विभाजन नगरिएको सडकमा दुई फ्यूल स्टेशन बीचको दूरी कम्तीमा ५०० मिटर हुनुपर्नेछ र उक्त दूरी सडकको दुवैतर्फ रहेका फ्यूल स्टेशन बीचको दूरीलाई समेत लिइनेछ ।

(२) पहाडी क्षेत्रका हकमा (२५% भन्दा बढी क्रस स्लोप भएको क्षेत्र) जस्तोसुकै सडकमा दुई फ्यूल स्टेशन बीचको दूरी कम्तीमा ५०० मिटर हुनुपर्नेछ ।

(३) यदि दुई वा दुईभन्दा बढी फ्यूल स्टेशन माथि उपदफा (१) र (२) मा उल्लेखित दूरीभन्दा भित्र स्थापना गर्नुपरेमा एक आपसमा ३०० मिटर भन्दा बढी दूरी नहुने गरी स्थापना गर्नुपर्नेछ । यस्तो अवस्थामा तिनीहरुलाई छुट्टाछुट्टै प्रवेश मार्ग उपलब्ध गराइने छैन । यस्तो अवस्थामा कम्तीमा ७ मिटर चौडाइ भएको एक समानान्तर सेवा मार्ग निर्माण गरी एकिकृत रुपमा फ्यूल स्टेशनहरु राखुपर्नेछ । सेवा मार्ग निर्माण गर्दा लाग्ने खर्च सम्बन्धित नयाँ फ्यूल स्टेशन राख्ने पक्षले नै ब्यहोर्नु पर्नेछ ।

सचिव

(४) नेपाल सरकार वा प्रदेश सरकारले औद्योगिक क्षेत्र भनी तोकेको क्षेत्रभित्र स्थापना भएका पयुल स्टेशन वा कुनै सरकारी वा गैर सरकारी निकायले ईन्धन बिक्री गर्ने उद्देश्य नराखी आफ्नै प्रयोजनका सवारी साधनहरुका लागि मात्र स्थापना गरेको पयुल स्टेशन रहेको ठाउँसँगै नयाँ पयुल स्टेशन स्थापना गर्नुपरेमा उपदफा (१) र (२) मा उल्लेख भए अनुसारको न्यूनतम दूरी र उपदफा (३) मा उल्लेख भए अनुसारको समानान्तर सेवा मार्ग आवश्यक पर्नेछैन ।

५. सडक चोकबाट दूरी : सडक चोकबाटको दूरी देहाय बमोजिम रहनेछ ।

(१) तराइ क्षेत्रका लागि (२५% वा सो भन्दा घटी क्रस स्लोप भएको क्षेत्र) देहायका शर्तहरु रहनेछन् ।

(क) प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने प्रमुख सडक एक आपसमा काटिएर बनेको चोकको १००० मिटरभित्र त्यसरी काटिने कुनै पनि सडकमा पयूल स्टेशन स्थापना गर्न पाइनेछैन ।

(ख) दुई गाउँपालिका वा नगरपालिकाको केन्द्र जोड्ने सडक एक आपसमा काटिएर बनेको चोकको ५०० मिटरभित्र त्यसरी काटिने कुनै पनि सडकमा पयूल स्टेशन स्थापना गर्न पाइनेछैन ।

(ग) प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने सडकसँग दुई गाउँपालिका वा नगरपालिकाको केन्द्र जोड्ने सडक एक आपसमा काटिएर बनेको चोकदेखि प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने सडकतर्फ १००० मिटर र दुई गाउँपालिका वा नगरपालिकाको केन्द्र जोड्ने सडकतर्फ ५०० मिटरभित्र पयूल स्टेशन स्थापना गर्न पाइनेछैन ।

(घ) राष्ट्रिय राजमार्गसँग प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने प्रमुख सडक एक आपसमा काटिएर बनेको चोकदेखि प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने प्रमुख सडकतर्फ १००० मिटरभित्र पयूल स्टेशन स्थापना गर्न पाइनेछैन।

(२) पहाडी क्षेत्रका लागि (२५% भन्दा बढी क्रस स्लोपभएको क्षेत्र) देहायका शर्तहरु रहनेछन् ।

(क) प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने प्रमुख सडक एक आपसमा काटिएर बनेको चोकको ५०० मिटरभित्र त्यसरी काटिने कुनै पनि सडकमा फ्यूल स्टेशन स्थापना गर्न पाइनेछैन।

(ख) दुई गाउँपालिका वा नगरपालिकाको केन्द्र जोड्ने सडक एक आपसमा काटिएर बनेको चोकको ३०० मिटरभित्र त्यसरी काटिने कुनै पनि सडकमा फ्यूल स्टेशन स्थापना गर्न पाइनेछैन।

(ग) प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने सडकसँग दुई गाउँपालिका वा नगरपालिकाको केन्द्र जोड्ने सडक एक आपसमा काटिएर बनेको चोकदेखि प्रादेशिक राजमार्ग

सचिव

वा दुई जिल्लाको केन्द्र जोड्ने सडकतर्फ ५०० मिटर र दुई गाउँपालिका वा नगरपालिकाको केन्द्र जोड्ने सडकतर्फ ३०० मिटर भित्र फ्यूल स्टेशन स्थापना गर्न पाइनेछैन।

(घ) राष्ट्रिय राजमार्गसँग प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने प्रमुख सडक एक आपसमा काटिएर बनेको चोकदेखि प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने प्रमुख सडकतर्फ ५०० मिटरभित्र फ्यूल स्टेशन स्थापना गर्न पाइनेछैन।

(३) उपदफा (१) र (२) मा उल्लेखित चोकहरु यदि कुनै गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिका क्षेत्रभित्र पर्ने भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिकाले तोकेको सडक चोक देखिको दूरीसम्बन्धी मापदण्ड समेत पालना गरेको हुनुपर्नेछ। तर, त्यस्तो दूरी उपदफा (१) र (२) मा उल्लेखित दूरी भन्दा कम हुनेछैन।

(४) मूल सडकबाट कुनै बन्द शाखा सडक गएको अवस्थामा त्यस्तो शाखा सडकको लम्बाइ १०० मिटरसम्म भएको र प्रस्तावित फ्यूल स्टेशन मूल सडकमा रहने भएमा सडक चोकबाट कुनै निश्चित दूरीमा रहन आवश्यक छैन।

६. <u>सार्वजनिक सडकबाट दूरी :</u> सार्वजनिक सडकबाट रहने दूरी देहाय बमोजिम हुनेछ ।

(१) फ्यूल स्टेशनको लागि आवश्यक संरचना निर्माण गर्दा सडक सीमाना (राइट अफ वे) देखि कम्तीमा ६ मिटर सेट ब्याक दूरी छाड्नु पर्नेछ । सडक सीमाना नछुट्टिएको सडकका हकमा त्यस्ता सडकलाई प्रदेश सरकारले तोकेको मापदण्ड अनुसारको सडक सीमाना (राइट अफ वे) मानी सेट ब्याक दूरी कायम गरिनेछ ।

(२) फ्यूल स्टेशनलाई मूल सडकबाट अलग्गै राख्नका लागि सडक सीमा र तोकिएको सेट ब्याक दूरी बाहिर प्रवेश मार्गहरु छाडी बाँकी लम्बाइ पूरै ढाक्नेगरी कम्तीमा २ मिटर चौडाई र ५० से.मी. उचाई भएको चौतारो निर्माण गर्नुपर्नेछ । उक्त चौतारोमा फिलिङ स्टेशन जनाउने ट्राफिक चिन्ह र जमिन सतहदेखि बढीमा १ मिटरसम्म उचाइ भएको फूल विरुवा बाहेक अन्य संरचना तथा विज्ञापन पाटीहरु राख्न पाइनेछैन ।

(३) सडक संरचनादेखि चौतारासम्मको सडक सीमाभित्रको भाग प्रदेश सरकारलाई आवश्यक नपरेको समयसम्म फूल विरुवा लगाई वा अन्य उचित तरिकाले यातायात तथा सवारी आवगमनमा अवरोध नपर्नेगरी जगेर्ना तथा संरक्षण गर्ने जिम्मेवारी फ्यूल स्टेशन राख्न चाहने पक्षको हुनेछ ।

(४) फ्यूल स्टेशनभित्र राख्नुपर्ने सेवा सुविधा तथा निर्माण हुने संरचना सम्बन्धित सडकका लागि तोकिएको सडक सीमा तथा तोकिए बमोजिमको अन्य निषेधित क्षेत्रभन्दा बाहिर हुनुपर्नेछ ।

७. <u>अन्य आवश्यक दूरीहरु:</u> अन्य आवश्यक दूरीहरु देहाय बमोजिम रहनु पर्नेछ ।

सचिव

प्रदेश सरकार
प्रदेश नं ५
भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

(१) पयूल स्टेशनमा आउने र त्यहाँबाट बाहिर निस्कने गाडीहरूलाई मूल सडकमा आवागमन गरिरहेका गाडीहरूले सो सडकका लागि सुरक्षित रूपमा रोक्न सकिने दूरीबाट सजिलैसँग देखिने हुनुपर्छ ।

(२) स्थायी तगारो वा स्थायी जाँच चौकीको दुवैतर्फ ५०० मिटरसम्म पयूल स्टेशन राख्न दिइनेछैन ।

(३) पुलको दुवैतर्फ ५०० मिटरसम्म पयूल स्टेशन राख्न दिइनेछैन ।

(४) सुरक्षित रूपमा रोक्न सकिने दूरी ६५ मिटर भन्दा कम भएको सडकमा पयूल स्टेशन राख्न दिइनेछैन ।

(५) पयूल स्टेशनले चर्चेको जग्गाको सीमाना देखि उच्च क्षमताको विद्युत ट्रान्सफरमर बीचको दूरी ५० मिटरभन्दा कम भएमा त्यस्तो स्थानमा पयूल स्टेशन राख्न पाइनेछैन ।

(६) विद्युत भोल्टेजको स्तर २३०/४०० भन्दा माथि भएको (हाइटेन्सन) तारदेखि पयूल स्टेशनले चर्चेको जग्गाको सीमाना सम्मको दूरी ५० मिटरभन्दा घटी भएमा त्यस्तो स्थानमा पयूल स्टेशन राख्न पाइनेछैन ।

(७) पयूल स्टेशनमा रहने अन्डरग्राउन्ड स्टोरेज ट्याङ्की र पयूल डिस्पेन्सिङ पम्पबीचको सबैभन्दा छोटो दूरी ८ मिटरभन्दा घटी हुनेगरी पयूल स्टेशन राख्न पाइनेछैन ।

(८) विद्यालय भवन, अस्पताल, सिनेमा घर, सभाहल, बालगृह, वृद्धाश्रम वा दैनिक ३०० भन्दा बढी मानिसहरुको उपस्थिति रहने कुनै संरचनादेखि ३०० मिटर दूरीभित्र पयूल स्टेशन राख्न पाइनेछैन ।

८. <u>प्रवेश मार्ग</u> : प्रवेश मार्ग देहाय बमोजिम रहनु पर्नेछ ।

(१) फ्यूल स्टेशनसम्म जाने र त्यहाँबाट बाहिर आउने प्रत्येक प्रवेश मार्गको चौडाइ ६ मिटर हुनुपर्नेछ ।

(२) प्रवेश मार्गहरु फ्यूल स्टेशन रहने जग्गाको लम्बाई पट्टी हुनुपर्नेछ ।

(३) यथाशक्य समतल स्थानमा फ्यूल स्टेशन राखु पर्नेछ । तर, पहाडी क्षेत्रमा ५ प्रतिशतसम्म ग्रेडियन्ट रहेको सडकमा फ्यूल स्टेशन राख्न दिइनेछ ।

(४) मूल सडकबाट फ्यूल स्टेशनमा आउने र त्यहाँबाट वाहिर निस्कने प्रवेश मार्गको मुखमा गाडीहरुलाई निर्देशन दिन "भित्र" र "बाहिर" लेखिएका निर्देशन पाटीहरु राखिनु पर्नेछ । उक्त संकेत रातको समयमा समेत देखिने रंगको प्रयोग गरी निर्माण गरेको हुनुपर्नेछ ।

(५) मूल सडकमा प्रवेश मार्ग जोडिने मोडहरुको अर्द्धव्यास ३० र १३ मिटरका बीच हुनुपर्नेछ ।

९. <u>भू-उपयोग</u> : भू-उपयोग देहाय बमोजिम गर्नु पर्नेछ ।

(१) गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिकाले आवासीय क्षेत्र भनी तोकेको स्थानमा नयाँ फ्यूल स्टेशन राख्न पाइनेछैन ।

सचिव

(२) पुरातत्व विभागले व्याख्या गरेबमोजिमका पुरातात्विक क्षेत्र र स्मारक स्थलमा नयाँ फ्युल स्टेशन राख्न पाइनेछैन ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले औद्योगिक क्षेत्र भनी तोकेको क्षेत्रभित्र फ्युल स्टेशन स्थापना गर्न दिन सकिनेछ ।

(४) मूल सडकको सेवा मार्गबाट निजी प्रवेश मार्ग बनाइ फ्युल स्टेशन स्थापना गर्न दिइनेछ ।

(५) कुनै सरकारी तथा गैर-सरकारी निकायले ईन्धन बिक्री गर्ने उद्देश्य नराखी आफ्नै प्रयोजनका सवारी साधनहरुका लागि मात्र फ्युल स्टेशन राख्न चाहेमा स्वीकृती दिन सकिनेछ ।

१०. <u>अन्य आवश्यक पूर्वाधार</u> : अन्य आवश्यक पूर्वाधारहरु देहाय बमोजिम हुनुपर्नेछ ।

(१) फ्युल स्टेशन परिसरभित्र पानीको पर्याप्त व्यवस्था भएको, महिला र पुरुषका लागि छुट्टाछुट्टै हुने गरी चारवटा र अपाङ्गमैत्री एउटा शौचालय निर्माण गर्नुपर्नेछ ।

(२) प्राथमिक उपचारका लागि आवश्यक सामग्रीहरु सबैले देख्ने ठाउँमा निरन्तर उपलब्ध हुने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) विद्युत र टेलिफोन सेवाको पहुँच भएको क्षेत्रमा उपभोक्ताहरुले विद्युत र टेलिफोन सेवा उपभोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(४) शौचालयका लागि बाहेक थप ५००० लिटर पानी सुरक्षित रुपमा भण्डारण गर्नसक्ने क्षमता भएको स्टोरेज ट्याङ्कीको व्यवस्था गर्नुपर्नेछ र त्यसरी स्टोर गरेको पानीलाई आगलागीका समयमा तत्काल प्रयोग गर्न सकिने गरी प्लम्बिङ गरी उपयुक्त क्षमताको पानी तान्ने मोटर समेत जडान गरेको हुनुपर्नेछ ।

११. <u>ढलको व्यवस्था</u> : ढलको व्यवस्था देहाय बमोजिम हुनुपर्नेछ ।

(१) फ्यूल स्टेशन परिसरभित्र कालोपत्रे वा कंक्रिट गरी सतह सुधार गर्नुपर्नेछ ।

(२) फ्यूल स्टेशन परिसरको पानी सीधै मूल सडकमा बग्न दिइनेछैन । फ्यूल स्टेशन परिसरबाट बाहिर निकास हुने पानीबाट पेट्रोलियम पदार्थ छान्ने व्यवस्था मिलाएर मात्र नजिकको नालीमा खस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) मूल सडकको छेउमा निर्माण भएको नालीलाई पुरेर प्रवेश मार्ग खोल्न पाइनेछैन । फ्यूल स्टेशन राख्न चाहने पक्षले आफ्नो खर्चबाट सडक छेउको नाली माथि उपयुक्त साइजको कल्भर्ट निर्माण गर्नुपर्नेछ । त्यसरी निर्माण हुने नाली, ढल र कल्भर्टको डिजाइन सम्बन्धित पूर्वाधार विकास कार्यालय वा सडक डिभिजन कार्यालयबाट स्वीकृत हुनुपर्नेछ ।

(४) नाली छोप्न उपयुक्त साइजको फलामे जालीको प्रयोग गर्नुपर्नेछ ।

१२. <u>जग्गाको नाप</u> : जग्गाको नाप देहाय बमोजिम हुनुपर्नेछ ।

सचिव

(१) तराइ क्षेत्रमा रहेको प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने प्रमुख सडकको हकमा फ्यूल स्टेशन रहने जग्गाको मोहडातर्फ कम्तीमा ४० मिटर र पछाडितर्फ कम्तीमा २५ मिटर लम्बाई हुनुपर्नेछ ।

(२) पहाडी क्षेत्रमा रहेको प्रादेशिक राजमार्ग वा दुई जिल्लाको केन्द्र जोड्ने प्रमुख सडकको हकमा फ्यूल स्टेशन रहने जग्गाको मोहडातर्फ कम्तीमा ३० मिटर र पछाडितर्फ कम्तीमा २० मिटर लम्बाई हुनुपर्नेछ ।

(३) दुई गाउँपालिका वा नगरपालिकाको केन्द्र जोड्ने सडकको हकमा फ्यूल स्टेशन रहने जग्गाको मोहडातर्फ कम्तीमा ३० मिटर र पछाडितर्फ कम्तीमा २० मिटर लम्बाई हुनुपर्नेछ ।

(४) गाडी सर्भिसिङ गर्ने, हावा भर्ने, पार्किङ गर्ने, शौचालय, चमेना गृह, पसल, पाले घर, बिक्री कक्ष जस्ता अन्य सेवाका लागि थप जग्गाको व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद – ३

## स्वीकृती दिने प्रकृया

१३. स्वीकृती दिने प्रकृया : फ्यूल स्टेशन खोल्न स्वीकृती दिने प्रकृया देहाय बमोजिम हुनेछ ।

(१) प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने सडकहरुको हकमा फ्यूल स्टेशन राख्न चाहने पक्षले फ्यूल स्टेशन रहने सडक पूर्वाधार विकास कार्यालयको कार्यक्षेत्रसँग सम्बन्धित भएमा प्रदेश अन्तर्गत रहेका सम्बन्धित पूर्वाधार विकास कार्यालयमा र यदि त्यस्तो सडक सडक डिभिजन कार्यालयको कार्यक्षेत्रसँग सम्बन्धित भएमा प्रदेश अन्तर्गत रहेका सम्बन्धित सडक डिभिजन कार्यालयमा देहायका विवरण खुलाई निवेदन दिनुपर्नेछ ।

(क) १:७५० स्केलमा प्रस्तावित ठाउँको ३०० मिटर वरिपरिको निम्न विवरण खुल्ने नक्शा,

- पिच, ड्रेन, सोल्जर, पेटी, फर्मेशन जस्ता सडकका विवरणहरु,
- पूल, कल्भर्ट, टेवा पर्खाल र सडकसँग सम्बन्धित अन्य संरचनाहरु,
- घर, पर्खाल, खम्बा, हाइटेन्सन तार र रुख,
- प्रस्तावित फिलिङ स्टेशनका प्रवेश मार्गहरु, इन्धन राख्ने अन्डर स्टोरेज ट्याङ्क, डिस्पेन्सर, बिक्री कक्ष, पाले घर, शौचालय, आदि ।

(ख) फ्यूल स्टेशन राख्न प्रस्तावित जग्गा र प्रवेश मार्गको लेभल थप वा घट गर्नुपर्ने भए त्यसको विवरण खुल्ने नक्शा,

(ग) फ्यूल स्टेशन परिसरमा पानी ब्यवस्थापन सम्बन्धमा तयार भएको ढल ब्यवस्थापन योजनासँगै निर्माण गरिने ५००० लिटर वा सोभन्दा बढी क्षमता भएको पानी ट्याङ्की, कल्भर्ट, नाली छोप्ने जाली र नालीको डिजाइन नक्शा,

सचिव

प्रदेश सरकार
प्रदेश नं ५
भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

(घ) जग्गाको कित्ता नं. खुल्ने नापी विभागको नक्शा,

(ङ) जग्गाको स्वामित्व खुल्ने कागज पत्र,

(च) जग्गाको स्वामित्व निवेदकको नभई अन्य कसैको भए कम्तीमा १५ वर्षको जग्गा भाडामा दिने अधिकृत करार पत्र,

(छ) नयाँ फ्यूल स्टेशनका कारण गर्नुपर्ने थप यातायात व्यवस्थापनको कार्य सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको क्षमताभित्र पर्ने आशयको उक्त ट्राफिक प्रहरी कार्यालयको पत्र ।

(ज) प्रस्तावित जग्गा र प्रस्तावित प्रवेश मार्गको प्रयोग फ्यूल स्टेशनले गरेमा कुनै आपत्ति नहुने आशयको सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिकाको कार्यालयलाई कुनै आपत्ति नहुने विषयका पत्रहरु ।

(२) प्राप्त निवेदन तथा विवरण बारे आवश्यक छानबिन गर्ने जिम्मेवारी प्रदेश मातहत रहेका सम्बन्धित पूर्वाधार विकास कार्यालय वा सडक डिभिजन कार्यालयको हुनेछ ।

(३) छानबिन पश्चात् सम्बन्धित पूर्वाधार विकास कार्यालय वा सडक डिभिजन कार्यालयले फ्यूल स्टेशन राख्न चाहने पक्षलाई दफा ४ को उपदफा (३), दफा ६ को उपदफा (१), (२) र (३), दफा ७ को उपदफा (७), दफा ८ को उपदफा (४) र (५), दफा १० को उपदफा (१), (२), (३) र (४), दफा ११ को उपदफा (१), (२), (३) र (४) मा उल्लेखित शर्तहरुको आधारमा आवश्यक निर्माण कार्य गर्न प्रारम्भिक स्वीकृतिका लागि यातायात पूर्वाधार निर्देशनालयमा सिफारिस गर्नेछ ।

(४) फ्यूल स्टेशन राख्न चाहने पक्षले उपदफा (३) मा उल्लेखित प्रारम्भिक कार्यका लागि स्वीकृती पाएको मितिले १ वर्षभित्र उक्त कार्य समाप्त गरी फ्यूल स्टेशन संचालन गर्नका लागि पुनः सम्बन्धित पूर्वाधार विकास कार्यालय वा सडक डिभिजन कार्यालयमा निवेदन दिनुपर्नेछ । म्यादभित्र निवेदन पेश नगरेमा उपदफा (१) अनुसारको प्रकृया अपनाउनुपर्नेछ ।

(५) सम्बन्धित पूर्वाधार विकास कार्यालय वा सडक डिभिजन कार्यालयले प्राप्त निवेदन र त्यससँग संलग्न गरी प्राप्त विवरण बारे छानबिन पश्चात् एकिन सिफारिस समेत गरी यातायात पूर्वाधार निर्देशनालयमा पठाउनेछ ।

(६) सम्बन्धित पूर्वाधार विकास कार्यालय वा सडक डिभिजन कार्यालयबाट प्राप्त सिफारिसका आधारमा तोकिएको मापदण्ड तथा शर्तहरु पूरा गरेको भएमा यातायात पूर्वाधार निर्देशनालयले फ्यूल स्टेशन राख्न चाहने पक्षलाई उक्त स्टेशन संचालन गर्न स्वीकृती दिनसक्नेछ । यस्तो प्रकारको स्वीकृती सम्बन्धित पूर्वाधार विकास कार्यालय वा सडक डिभिजन कार्यालयमार्फत मात्र प्रदान गरिनेछ ।

१४. <u>अनुगमन तथा कार्वाही :</u> फ्यूल स्टेशन स्थापना भएपछि संचालनको चरणमा देहाय बमोजिम अनुगमन गरी यस मापदण्डको परिपालना नभएको पाइएमा कार्वाही समेत गरीनेछ ।

सचिव

(१) फ्युल स्टेशन संचालनमा आएपछि प्रत्येक ६ महिनामा निर्देशनालयको संयोजकत्वमा सम्बन्धित पूर्वाधार विकास कार्यालय वा सडक डिभिजन कार्यालय समेतका प्रतिनिधिहरूले निरीक्षण गर्नेछन ।

(२) उपदफा (१) बमोजिम निरिक्षण गर्दा यस मापदण्ड बमोजिम काम कारवाही नभएको पाइएमा ती सम्बद्ध फ्युल स्टेशनहरूलाई सो मापदण्ड पुरा गराउन आदेश दिइनेछ ।

(३) उपदफा (२) बमोजिम आदेशको पालना नगरेमा वा पटक पटक उल्लङ्घन गरेमा निर्देशनालयले उक्त फ्युल स्टेशन संचालन गर्न नदिनेगरी रोक्न राख्न सक्नेछ ।

सचिव